कोल्हवी नगरपालिका

कोल्हवीद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १ संख्या ३ मिति २०७८।०१।२२

भाग-१

कोल्हवी नगरपालिका
कोल्हवी, बारा, प्रदेश नं. २

भरत बहादुर भण्डारी
नगर प्रमुख

# कोल्हवी नगरपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन, २०७८

नगर सभाबाट पारित मिति: २०७८।०१।१०
प्रमाणीकरण मिति : २०७८।०१।२२

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम कोल्हवी नगरपालिकाको छैठो नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रमाणित प्रति

स्वीकृत मिति: २०७८।०१।१०

# कोल्हवी नगरपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन, २०७८

**प्रस्तावना:**

मुलुक संघीय संरचनामा गई कर्मचारी समायोजन ऐन, २०७५ लागू भई सरकारी तथा अन्य सेवाबाट समायोजन भई कोल्हवी नगरपालिकामा कामकाज गर्न खटीएका तर साविकको कोल्हवी नगरपालिकामा सेवा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल कोल्हवी नगरपालिकामा सरुवा/समायोजन भई आएका स्थायी कमर्चारीहरुको समायोजन, तह मिलान, स्तर वृद्धि र बढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पष्टता, जटिलता र असमानता तथा हाल सम्म न्यायोचित व्यवस्थापन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृत्ति विकास नै अवरुद्ध हुन गई त्यसको असर कार्य सम्पादनमा समेत परेकोले यसको निम्ति यथोचित सम्बोधन अपरिहार्य भएको हुँदा कोल्हवी नगरपालिकामा सेवा प्रवेश गरी कार्यरत कर्मचारी र अन्य साविकको स्थानीय निकाय (जिल्ला विकास समिति)बाट सेवा प्रवेश गरी कोल्हवी नगरपालिकामा सरुवा/समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तह वृद्धी, बढुवा तथा व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोल्हवी नगरपालिकाको छैठो नगरसभाले यो ऐन बनाई जारी गरेको छ।

## परिच्छेद १

**१. संक्षित नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "कोल्हवी नगरपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन, २०७८ रहेको छ।

(ख) यो "ऐन" तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "ऐन" भन्नाले कोल्हवी नगरपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन २०७८ लाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले साविकको स्थानिय निकाय (जिल्ला विकास समिति/गा.वि.स.)बाट कोल्हवी नगरपालिकामा सरुवा/समायोजन एवम पदस्थापन भई यो ऐन जारी हुँदाका वखत कोल्हवी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कोल्हवी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस ऐन अन्तर्गत रही नगरपालिकाले बनाएको अन्य कानूनमा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(ङ) "नगर सभा" भन्नाले कोल्हवी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

भरत बहादुर भण्डारी
नगर प्रमुख

CamScanner

प्रमाणीकरण गरिएको
२०७८/१/२२

(छ) "स्थानीय सेवा" भन्नाले कोल्हवी नगरपालिका तथा साविकका जिल्ला विकास समितिमा कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले कोल्हवी नगरपालिकालाई सम्झनु पर्छ।

(झ) "स्थानीय कानून" भन्नाले कोल्हवी नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

(ञ) समिति भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## समायोजन मिलान सम्बन्धी व्यवस्था

**३. नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलानः**

(१) साविकको स्थानिय निकाय (जिल्ला विकास समिति/गा.वि.स.)बाट कोल्हवी नगरपालिकामा सरुवा/समायोजन एवम पदस्थापन भई यो ऐन जारी हुँदाका वखत कोल्हवी नगरपालिकामा कार्यरत स्थानीय सेवाका सबै कर्मचारीहरुलाई एकपटकको लागि देहाय बमोजिम समायोजन, तह वृद्धि/मिलान तथा ग्रेड (तलबबृद्धी) बृद्धी गरिने छ ।

| साविकको तह | सेवा अवधि | समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| श्रेणी विहिन दोस्रो | पाँच वर्ष भन्दा बढी सेवा अवधि | श्रेणी विहिन तेश्रो | | कक्षा ८ उतिर्ण गरेको |
| सहायक स्तर तृतिय | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर तृतिय तह | खाईपाई आएकोमा दुई ग्रेड थप | दश कक्षा वासो सरह उतिर्ण गरेको |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर चौथो तह | | प्रवेशिका वा सो सरह |
| सहायक स्तर चौथो | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर चौथो तह | खाईपाई आएकोमा दुई ग्रेड थप | प्रवेशिका वा सो सरह |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर पाँचौ तह | | प्रविणता प्रमाणपत्र तहवा सो सरह |
| सहायक स्तर पाँचौ | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर पाँचौ तह | खाईपाई आएकोमा दुई ग्रेड थप | प्रविणता प्रमाणपत्र तहवा सो सरह |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृतस्तर छैठौं | | सम्बन्धित विषयमा स्नातक वा सो |

भरत बहादुर भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | | सरह |
| अधिकृत स्तर छैठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर छैठौं | खाईपाई आएकोमा दुई ग्रेड थप | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृतस्तर सातौं | | |
| अधिकृत स्तर छैठो | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर सातौं | खाईपाई आएकोमा दुई ग्रेड थप | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृत स्तर आठौं | | |
| अधिकृत स्तर आठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर आठौं | खाईपाई आएकोमा दुई ग्रेड थप | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृतस्तर नवौं | | |

(२) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(३) यस दफा बमोजिम नगरपालिका स्थानीय सेवाका कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड बृद्धी गरी तलब मिलान गरिनेछ ।

(४) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन ।

**४. संगठन संरचना तथा कर्मचारी दरबन्दी :**

१) यस ऐन बमोजिम स्तरवृद्धि वा तह मिलान/वृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भै नगर सभाले स्वीकृत नगरे सम्म स्वत: पुल दरबन्दीमा कायम रहनेछन ।

**५. समायोजन तह मिलानको पत्र दिने:**

(१) यस ऐन कोल्हवी नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि समायोजन तह मिलान (तह बृद्धी) को पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची – १ बमोजिमको हुनेछ ।

भरत बहादुर भण्डारी
नगर प्रमुख

CamScanner

प्रमाणित गरिएको
२०८०।१।२२

६. पदस्थापना गरिने:

(१) दफा ३ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ ।यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) दफा ३ बमोजिम समायोजन तह मिलान भएका नगरपालिका अन्तर्गतरहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापनगरिने छ ।

७. जेष्ठताको गणनाः

(१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना हुनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पदबमोजिमको सेवा, सुविधा भने यो ऐन जारि भए पछि मात्र लागू हुने छ ।

८. समिति गठन :

दफा ३ बमोजिमको समायोजन तह मिलानका लागि आवश्यक प्रशासनिक कार्यसम्पादन गर्न तथा समायोजन/वढुवा सिफारिसको निम्ति देहाय बमोजिमको समिति रहनेछ । सो समितिको सिफारिसलाई आधार मानी कार्यपालिका बैठकको अनुमोदन पस्चात प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान (वढुवा) तथा कर्मचारी ब्यवस्थापनको पत्र दिने छ।

अधिकृत, कोल्हवी नगरपालिका – संयोजक

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कोल्हवी नगरपालिकाको अधिकृत/अन्य सरकारी कार्यालयको अधिकृत – सदस्य – १ जना

प्रशासन शाखा, कोल्हवी नगरपालिका – सदस्य सचिव

९. समायोजन भएका कर्मचारीको सेवा सुविधाः

(१) यस ऐन बमोजिम समायोजन भएका नगरपालिकाको कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

१०. आवश्यक व्यवस्था मिलाउने :

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

कोल्हवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बारा, मधेश प्रदेश नं. २, नेपाल

भरत बहादुर भण्डारी
नगर प्रमुख

CamScanner

प्रमाणीकरण गरिएको
२०७८।१।२२

अनुसूची– १
दफा ४ को उपदफा(२) सँग सम्बन्धित
समायोजन(तह मिलान)पत्र

पत्र संख्याः
चलानी

मिति– ...............

बिषय– समायोजन (तह मिलान) गरिएको सम्बन्धमा ।

श्री..................................
...................................

कोल्हवी नगरपालिका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मिति देखि लागू हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा समायोजन (तह मिलान) गरीएको छ ।समायोजन (तह मिलान)हुनु भएकोमा बधाई छ, तपाईको उज्जवल भविष्यको कामना गर्दछु ।

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पद | पद |
| तह | तह |
| सेवा | सेवा |
| समूह | समूह |

..........................................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः –
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं.२ जनकपुरधाम, धनुषा ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाडौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कलैया, बारा ।
श्री आर्थिक प्रशासन शाखा, कोल्हवी नगरपालिका, कोल्हवी ।

नगरसभाबाट पारित मितिः २०७८।०१।१०
प्रमाणीकरण मितिः २०७८।०१।२२
राजपत्रमा प्रकाशन मितिः २०७८।०१।२२

कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी, बारा, प्रदेश नं.२, नेपाल

प्रमाणित गर्नेः
भरत बहादुर भण्डारी
नगर प्रमुख

भरत बहादुर भण्डारी
नगर प्रमुख